# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

प. सं. ०७८/७९

च. नं. ............

**प्युठान जिल्लामा सूचनाको हक सम्बन्धी अन्तरकिया कार्यक्रमको**
**प्रेस विज्ञप्ति**

राष्ट्रिय सूचना आयोगले प्युठान जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरुसँग मिति २०७८ साल मंसिर २ गते सूचनाको हक सम्वन्धी अन्तरकृया कार्यक्रम सम्पन्न गरेको थियो ।

कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्गले सूचनाको हक लोकतान्त्रिक पद्धतिको महत्वपुर्ण उपलव्धि भएको र सूचना जुन सुकै विषयमा माग्न पाइने हुंदा सूचना उपलव्ध गराएर सर्वसाधारण नागरिकलाई कानूनी राज्यको अनुभुति दिन आग्रह गर्नु भयो । सूचना उपलव्ध गराउने मूल दायित्व कार्यालय प्रमुखको रहेको हुंदा कार्यालय प्रमुख नै जिम्मेवार हुने विचार व्यक्त गर्दै जनप्रतिनिधिले सूचना नदिन आदेश गरेको अवस्थामा जनप्रतिनिधि पनि स्वाभाविक रुपमा सूचनाको हक सम्वन्धी कानूनको दायरामा आउने भन्दै सूचना दिने वातावरण बनाउन अनुरोध गर्नुभयो । साथै सूचनाको हकका लागि सवै स्थानिय तहले वजेट तथा कार्यक्रम समावेश गर्न निर्देशन दिनु भयो । कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री केशवराज आचार्यले गर्नुभएको थियो । वहाँले सूचनाको हक नागरिकको मौलिक हक रहेको हुंदा यसको पालना गर्न गराउन सवै लाग्नु पर्ने विचार व्यक्त गर्नुका साथै सूचना अधिकारीले सूचना नदिए कार्यालय प्रमुखसंग सम्पर्क राख्न अनुरोध गर्नु भएको थियो । कार्यपत्र प्रस्तुत गर्दै आयोगका सचिव श्री भागीरथ पाण्डेले सूचनाको हकको संवैधानिक तथा कानूनी व्यवस्था, आयोगको भुमिका, सूचना अधिकारीको काम कर्तव्य अधिकार, जरिवाना र क्षतिपुर्तिको व्यवस्था तथा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी र कार्यक्रमबाट आयोगले राखेको अपेक्षाका सम्वन्धमा विस्तृत रुपमा व्याख्या गर्नु भयो । प्युठानका प्रमुख जिल्ला अधिकारी श्री खिमलाल भुसालले प्युठान जिल्लामा सूचनाको हकको कार्यन्वयनको अवस्था राम्रो रहेको भन्दै सूचना दिन सवै सार्वजनिक निकायका प्रमुखहरुलाई निर्देशन दिनु भयो । कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै आयोगका उपसचिव श्री बाबुराम खनालले सकृय सहभागिताका लागि अनुरोध गर्नुभयो । कार्यक्रममा अतिथिका रुपमा प्युठान जिल्ला समन्वय समितिका उप प्रमुखको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागिता जनाउदै श्री कमल प्रसाद धिताल, नेपाल पत्रकार महासंघ, प्युठानका अध्यक्ष श्री संजय रिजाल र पूर्व अध्यक्ष श्री भण्डारी, सूचना अधिकारी श्री आशिष पोखरेल र राधा श्रेष्ठले आफ्ना जिज्ञाशा तथा महत्वपुर्ण सुझावहरु राख्नु भएको थियो । कतिपय सार्वजनिक निकायले स्वत प्रकाशन नगर्ने गरेको, सूचना अधिकारीलाई सूचना नै उपलव्ध नहुने अवस्था रहेको, आम नागरिकसम्म सूचनाको हक पुग्न नसकेको, सूचना अधिकारीको दरवन्दी नै सृजना गर्न आवश्यक भएको, भएभरको सूचना माग्दा मुश्किल हुने गरेको जस्ता जिज्ञाशाहरु व्यक्त भएका थिए । आयोगका शाखा अधिकृत श्री डिल्लीराज भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ मंसिर ५ गते आइतबार



फोन नं: ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्स: ०१४४९६५४५, ईमेल: info@nic.gov.np वेबसाईट: www.nic.gov.np